# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, माघ २४ गते, २०७८ साल (अतिरिक्ताङ्क ४०

# भाग १

## प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७८ सालको अध्यादेश नं. ०३

## प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको

## अध्यादेश

**प्रस्तावनाः** प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएको र हाल प्रदेश सभाको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम लुम्बिनी प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा लुम्बिनी प्रदेशको प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "प्रदेश खेलकुद विकास (पहिलो संशोधन)अध्यादेश, २०७८" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश खेलकुद विकास ऐन, २०७६ को दफा ७ मा संशोधनः** (१) प्रदेश खेलकुद विकास ऐन, २०७६ को दफा ७ को उपदफा (४) मा रहेका "परिषद्को सिफारिसमा" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) उपदफा (५) पछि देहाय बमोजिमको उपदफा (६) थप गरिएको छ ।

"(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश सरकारले जुनसुकै बखत यस ऐनको दफा ३ को उपदफा (१) बमोजिम स्थापित भएको विद्यमान परिषद् विघटन गरी नयाँ परिषद् स्थापना गर्न सक्नेछ ।"

प्रदेश सरकार (मन्त्रिपरिषद्) स्वीकृत मितिः २०७८।१०।२४

प्रमाणीकरण मितिः २०७८।११।०४

**आज्ञाले,**
**राजेन्द्र थापा**
**प्रदेश सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय